पञ्चदेवल विनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : ०८१/०८२
चलानी नं.

मिति: २०८१।०८।२३

विषय : प्रमाण पेश गर्ने सम्बन्धमा ।

श्री सम्पुर्ण मृगौला प्रत्यारोपण, मृगौला डायलाइसिस गरिरहेका,
क्यान्सर रोगी र मेरुदण्ड पक्षाघात रोगका उपचार खर्च लिने
सेवाग्राहीहरु, पञ्चदेवल विनायक नगरपालिकाका विनायक, अछाम ।

प्रस्तुत विषयका सम्बन्धमा नेपाल सरकारले जारी गरेको **मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि** २०७८ अनुसार वार्ड कार्यालयको सिफारिसको आधारमा प्रकृया पुरा गरेका सेवाग्राहीहरुको बैंक खातामा रकम जम्मा गर्ने कार्य भईरहेको व्यहोरा बिदितै छ ।उक्त कार्यबिधि अनुसार मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोग पहिचान भई उपचारपछि निको भईसकेका व्यक्ति बाहेकका **क्यान्सर रोगीले हरेक ३/३ महिनामा चिकित्सकसंग जाँच गरेको प्रमाण** पेश गर्नु पर्नेमा धेरैजसो लाभग्राहिको प्रमाण नपुगेकोले सो प्रमाण पेश गर्नुहुन अनुरोध छ । अन्यथा उपचार खर्च भुक्तानी नहुने व्यहोरा जानकारी गरिन्छ ।

२०८१।०८।२३
डम्बर बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

डम्बर बहादुर थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

१. हरेक ३/३ महिनाको चिकित्सकिय जाँचको प्रमाणको रुपमा पेश हुने कागजात पुर्ण रुपमा भरिएको, अक्षर प्रष्ट बुझिने, ब्यहोरा राम्रोसंग खुल्ने बिरामीको नाम, जाँच गरेको मिति, चिकित्सकको नाम, दस्तखत, छाप र अस्पतालको छाप लागेको हुनुपर्ने छ ।
२. पेश हुने सबै कागजातको फोटोकपी प्रष्ट बुझिने हुनुपर्ने छ ।

फोन/फ्याक्स : ०९७-५०००03 वेब साईट :www.panchadewalbinayakmun.gov.npईमेल ठेगाना:panchadevalbinayak@gmail.com